आज मिति २०७७ मंसीर ०७ गते आइतवार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. CORONA संक्रमण व्यवस्थापन सम्बन्धमा ।

२. चालु आर्थिक वर्षको कार्यक्रम सञ्चालन सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १** CORONA **संक्रमण व्यवस्थापन सम्बन्धमाः** छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र कोरोना संक्रमणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक वडामा कम्तीमा ५० घरको संक्रमण अवस्थाको रेखदेख

निगरानी कार्यको लागि स्थानीय स्तरमा उपलब्ध गुठी, सामाजिक संस्था, आमा समूह, शिक्षक, बुद्धिजिवि, राजनीतिक दल, स्वास्थ्यकर्मी लगायका संघ-संस्था, व्यक्ति सम्मिलित समिति गठन गरी परिचालन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २ विविधः**

२.१ यस गोदावरी नगरक्षेत्र भित्रका (पर्ती, ऐलानी, राजकुलो, वनक्षेत्र) लगायत सार्वजनिक जग्गा अतिक्रमण गरी साथै सडक, नदी मापदण्ड विपरित निर्मित घर, टहरा, छाप्रो आवास जस्ता संरचना हटाउन र त्यस्ता सार्वजनिक स्थलहरूका लागि खानेपानी धारा, विद्युत जडान तथा व्यवसाय दर्ता सिफारिस लगायत वडाकार्यालय वा नगरपालिका कार्यालयबाट हुने सेवा प्रवाहमा समेत रोक लगाउने गरी प्रत्येक वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

२.२. नगरपालिका क्षेत्रलाई स्वस्थ, स्वच्छ वातावरण एवं सुन्दर बनाउने हेतुले नगरक्षेत्रका विभिन्न बस्ती, आवास क्षेत्र तथा सार्वजनिक राजकुलो नदी नालाक्षेत्रबाट १ किलोमिटर सम्मको दुरिमा सञ्चालित बंगुर पालन फार्महरूलाई ३ महिना भित्र हटाउन सबै वडा कार्यालयहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

२.३. गोदावरी नगरापालिका क्षेत्र भित्रका विभिन्न विद्यालय तथा शैक्षिक संस्थाहरू तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पूरा गरी पठन-पाठन सञ्चालन गर्ने गराउने निर्णय गरियो ।

२.४. यस चालु आर्थिक वर्ष २०७७/०७८ मा बजेट विनियोजन भएको व्यायमशाला निर्माण तथा सञ्चालन कार्यको लागि आवश्यक सामग्री खरिद तथा प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

२.५. यस चालु आर्थिक वर्ष २०७७/०७८ मा मानव सेवा आश्रम भवन निर्माणको लागि विनियोजन भएको बजेट रकम नियमानुसारको प्रक्रिया पूरा गरी उपलब्ध गराउने निर्णय गरियो ।

२.६. सडक तथा बिपन्न बालबालिकाहरुलाई स्वास्थ्य सेवा एवं आवास समेतको सुविधा दिने गरी चावहिल पशुपति बाल आश्रमद्वारा यस गोदावरी नगरपालिका वडा नं. ३ स्थित किटिनीमा निर्माण हुन लागेको बाल आश्रम भवनको लागि नक्सापास शुल्क छुट गरिदिने निर्णय गरियो ।